नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

पर्सा

पत्र संख्या : स्था.प्र.०८०/८१
च.नं.

## नागरिकता सम्बन्धमा सूचना

### (मिति २०८०-०७-१४)

**नेपाल सरकारको मिति २०८०-०२-१७ गतेको नेपाल राजपत्रमा प्रकाशित नेपाल नागरिकता (पहिलो संशोधन) ऐन, २०७९ र नेपाल नागरिकता नियमावली (तेस्रो संशोधन), २०८० लाई कार्यान्वयन गर्ने सन्दर्भमा <u>गैरआवासीय नेपाली नागरिकता प्रमाणपत्रको लागि अवलम्बन गर्नुपर्ने प्रक्रिया र आवश्यक कागजातहरु ।</u>**

**<u>तपसिल:</u>**

१. जुन जिल्लाबाट साविकको नागरिकताको प्रमाणपत्र जारी भएको हो सोही जिल्लामा गई गैरआवासीय नेपाली नागरिकता प्रमाणपत्रको लागि आबेदन दिनुपर्ने ।

२. नागरिकता परित्यागको नित्सा पश्चात गैरआवासीय नेपाली नागरिकता आवेदनको लागि देहायका कागजात सहित यस कार्यालयको सोधपुछ कक्ष (HELP DESK) मा सम्पर्क गर्ने ।

   क. अनुसूची ८ ग, बमोजिम सम्बन्धित बडाको सिफारिस सहितको निवेदन,
   ख. अनुसूची ८ घ. बमोजिमको प्रतिबद्धता पत्र र अनुसूची ८ च. बमोजिमको सपथ.
   ग. साविकको नेपाली नागरिकता र राहदानी परित्याग गरेको प्रमाण,
   घ. विदेशी मुलुकको नागरिकता/नागरिक भएको प्रमाण,
   ङ. सार्क सदस्य राष्ट्र बाहेकका देशमा बसोवास गरेको प्रमाण,
   च. हाल नागरिक रहेको मुलुकवाट लिएको राहदानीको प्रतिलिपि,
   छ. निवेदकको नजिकको नाताभित्रको नातेदार नेपाली नागरिकता सहित सनाखतको लागि उपस्थित हुनुपर्नेछ। यदि नजिकको नातेदार नभएमा थप बुझी निजलाई चिन्ने नेपाली नागरिकबाट सनाखत गराउन सकिनेछ ।
   ज. जिल्ला प्रशासन कार्यालयले प्रहरीको स्थलगत सर्जमिन मुचुल्का लगायत अन्य माध्यमबाट थप बुझ्न सक्नेछ ।
   झ. अनुसूचीहरुका लागि यस कार्यालयको सोधपुक्ष कक्षमा सम्पर्क गर्न सकिनेछ ।

३. माथि बुँदा नं. २(ग) का सम्बन्धमा यदि नेपाली नागरिकता परित्याग नगरेको भए सक्कलै नेपाली नागरिकता प्रमाणपत्र र राहदानी सहित नयाँ नागरिकता शाखा (कोठा नं. १) मा नागरिकता परित्यागको प्रक्रियाका लागि सम्पर्क गर्नुपर्ने।

२०८०।७।१४

सहायक प्र. जि. अ.